- ➤ विषादीको प्रयोग गर्दागर्दै कुनै चिज खानु हुँदैन। जस्तैः धुम्रपान गर्नु ।
- ➤ विषादी छर्कंदा टाउको दुख्ने वा वाक-वाक लाग्ने जस्तो हुन थाल्यो भने तुरून्त काम छोडेर खुल्ला हावामा केहीबेर बस्नुपर्छ, यदि विष लागेको शंका लागेमा नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा जँचाउनुपर्छ ।

**विषादी प्रयोग पछाडी ध्यान दिनुपर्ने कुराहरुः**


- ➤ विषादीको प्रयोग पश्चात खाली डब्बा वा रित्तो भाँडो वा कागजी पदार्थलाई सुरक्षित स्थानमा जलाएर वा गाडेर नष्ट गर्नुपर्छ ।
- ➤ विषादी छरिसकेपछि अनिवार्य रूपमा नुहाउने, छर्दा लगाएका कपडाहरू अलग्गै धुने व्यवस्था गर्ने ।




- ➤ प्रयोग गरेको भाँडा, उपकरणहरू जस्तैः स्प्रेयरलाई राम्ररी पानीले सफा गरेर भण्डारण गर्नुपर्दछ ।
- ➤ विषादी छरिसकेपछी पर्खनुपर्ने अवधि ख्याल गरी उक्त अवधिपछि मात्र बाली टिप्नुपर्दछ ।
- ➤ विषादी छरेको सूचना आफ्नो खेतबारीमा राख्ने ।

विषादी प्रयोग भएको खाली डब्बा वा भाँडो नष्ट गर्नुपूर्व राम्रोसंग सफा गर्दा तीनपटक पखाल्ने वा खोकल्ने प्रविधि (triple rinsing) अपनाउनुपर्दछ। यस विधिमा निम्न क्रिया समाविष्ट हुन्छः


- ➤ विषादीको भाँडोबाट विषको अन्तिम थोपासम्म पनि स्प्रे ट्यांकीमा नै खनाउने प्रयास गर्नुपर्दछ ।




- ➤ त्यसपछि विषादीको भाँडोको एक चौथाई भाग पानीले भर्ने र त्यसपछि बिर्को लगाई हल्लाउने जसबाट त्यसको भित्री भाग पनि पानीबाट धोइन्छ ।
- ➤ यस प्रकार धोइएको पानीलाई स्प्रे ट्यांकीमा नै खन्याउने ।
- ➤ यो कार्यविधि दुई पटक दोहोर्याउने ।

विषादी छर्न प्रयोग गरिएको उपकरणहरू (स्प्रेयर, डस्टर) सफा गर्दा पनि यो विधि अपनाउनुपर्दछ। स्प्रे नोजल र फिल्टरलाई अलग्याई बेग्ला बेग्लै सफा गरी धुनुपर्छ । स्प्रेयरमा फिंजावट र चुहावटको कारणबाट विषादी लाग्न सक्ने भएकोले स्प्रेयरको बाहिरी भाग तथा पानीको मात्रा नाप्ने उपकरण र बाल्टीन पनि धुनुपर्छ । यसरी उपकरणहरू धोएको पानी खोला वा सिंचाईको लागि पानी रहेको थलोमा पुग्न दिनुहुँदैन । यसबाट केटाकेटी, गाईभैंसी र अन्य पाल्तु जनावरहरुलाई प्रदूषित हुनबाट बचाउन सकिन्छ ।

# कृषि उपज उत्पादक/विषादी प्रयोगकर्ताहरुलाई संदेश



लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र**

पाल्पा


आ.व. २०८१/८२

**कृषि उपज उत्पादक/विषादी प्रयोगकर्ताहरुलाई सदेश**

बालीनालीमा शत्रुजीव व्यवस्थापन गर्न प्रयोग गरिने विषादीहरूको अत्यधिक प्रयोग र दुरूपयोगबाट सबैभन्दा बढी जोखिम प्रयोगकर्ताहरूलाई नै हुने गर्दछ । यसले लक्षित जीव मात्र नभई मानव शरीर, कीरा फट्याङ्गाहरु, अन्य वनस्पतिहरु तथा जीवजन्तुहरुलाई समेत असर पुर्याउने र प्रयोग भएको ठाउँ भन्दा धेरै परसम्म पुगि माटो, पानी र हावालाई समेत प्रदूषित पार्ने भएकोले अत्यन्त सावधानीपूर्वक विषादीहरूको प्रयोग गर्नुपर्दछ । अनावश्यक विषादीको प्रयोग गर्दा आर्थिक नोक्सानी हुने, विषादी प्रयोगकर्ता तथा उपभोक्ताको शरीरमा क्यान्सर, श्वासप्रश्वास सम्बन्धी रोग, पक्षघात, बाँझोपन आदि जस्ता गम्भीर समस्याको जोखिम बढ्ने, वातावरणमा लामो समयसम्म रही माटो, पानी, हावामा रहने जीवजन्तुहरूमा प्रत्यक्ष असर गर्नेजस्ता समस्या देखिन सक्छन् । त्यसैले विषादी प्रयोग गर्नुपर्ने अवस्था आएमा निम्न कुराहरूमा ध्यान दिनुपर्दछ :

**विषादी छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरुः**

- बालीनालीमा देखिने समस्याहरू रोग, कीरा, खाद्यतत्वको कमि, निमाटोड आदिको कारणबाट हुन सक्छन् । एउटै विषादीले सबै समस्याको समाधान नहुने हुनाले नजिकैको कृषि प्राविधिकबाट समस्याको मूल कारण पत्ता लगाएर मात्र आवश्यकता अनुसार उपयुक्त सुरक्षित कीटनाशक, ढुसीनाशक, झारनाशक, ब्याक्टेरियानाशक आदि विषादी छनौट गर्ने ।




- सकेसम्म विषादीको बट्टामा हरियो र निलो लेबल भएको सुरक्षित विषादी प्रयोग गर्ने ।
- विषादी खरिद गर्दा डब्बामा उत्पादन र म्याद सकिने मिति हेर्ने, म्याद गुज्रेको विषादी प्रयोग नगर्ने ।
- मौरी लगायतका परागशेचन छनौट गर्ने, विषादी छरेको सूचना आफ्नो खेतबारीमा राख्ने ।




- विषादी प्रयोग गर्नुपर्ने नै अवस्था आएमा पर्खनुपर्ने अवधि निश्चित गरेर मात्र विषादीको छनौट गर्ने । विषादी प्रयोग भएको कृषि उपज पर्खनुपर्ने अवधि नसकिंदै बजार नलै जाने ।
- बालीमा देखापर्ने धेरै समस्याहरूको व्यवस्थापन साबुनपानी, गाईको गहुँत, घरायसी वानस्पतिक विषादी, झोलमलले वा बजारमा उपलब्ध हुने जैविक तथा वानस्पतिक विषादीबाट हुनसक्ने भएकोले यस्ता सुरक्षित वैकल्पिक विधिलाई प्राथमिकता दिने, क्षतिको अवस्था हेरेर अन्तिम विकल्पको रूपमा मात्र रासायनिक विषादी प्रयोग गर्ने ।

**विषादी उपयोग गर्नु अगाडि ध्यान दिनुपर्ने कुराहरुः**

- सकेसम्म सामान्यरूपले खतरनाक र सुरक्षित (प्रति किलोग्राम २००० भन्दा माथि एल.डी. ५० भएको) विषादी प्रयोग गर्नुपर्दछ ।
- विषादी छर्नुपूर्व करिव ४८ घण्टा भित्रमा पानी पर्ने संभावना भएमा विषादी नछर्ने, छर्नै पर्ने भएमा पानीले नपखाल्ने स्टिकर राखी छर्ने ।
- विषादी प्रयोग गर्नुपूर्व लेबल र अन्य पर्चाहरू राम्रोसंग पढ्ने र सोअनुसार पालना गर्ने/गराउने ।
- विषादीलाई सुरक्षित ठाँउमा तालाबन्दी गरी राख्नुपर्दछ ।
- विषादीलाई विषादीलाई केटाकेटीले नभेट्ने ठाउँमा र खाद्य पदार्थ देखि टाढा राख्नुपर्दछ ।
- विषादी प्रयोग गर्ने उपकरणहरू सहि अवस्थामा राख्नु पर्दछ ।
- उपकरणलाई काम गर्नु अगाडि र काम सकिएपछि जाँच गर्नु पर्छ र सुरक्षित रूपमा भण्डारण गर्नुपर्दछ ।

**मिश्रण बनाउँदा र छर्दा ध्यान दिनुपर्ने कुराहरुः**

- विषादीको प्रयोग गर्नुभन्दा पहिले डब्बामा दिएको निर्देशन र सावधानीलाई राम्ररी पढी पालन गर्नुपर्छ ।



- विषादीले छालामा विष लाग्ने वा पोल्ने भएकोले सुरक्षात्मक पहिरन लगाउनु पर्छ, जस्तैः पूरा बाहुलाको कमीज, लामो पतलुङ्ग वा पाइन्ट, मोजा, जुत्ता, चौडा किनारा भएको टोपी, हातमा रासायनिक पदार्थले असर नगने रवरको पन्जा, मास्क, कृत्रिम श्वास उपकरण आदि ।
- विषादी प्रयोग गर्दा सहि मात्रामा मिश्रण तयार गरी सहि तरिकाले छर्नुपर्छ, जति दिनको फरकमा जति पटक विषादी स्प्रे गर्न सिफारिस गरिएको छ सोअनुसार मात्र छर्नुपर्दछ ।
- सकेसम्म दुई वा सोभन्दा बढी विषादी मिसाएर कक्टेल मिश्रण स्प्रे गर्नुहुँदैन ।
- विषादी अन्य ठाँउमा नफैलियोस भन्नका लागि विषादीको प्याकेटलाई सावधानी पूर्वक खोल्नुपर्छ ।
- हावाको गति कम भएको बेलामा विषादी छर्ने गर्नुपर्दछ, हावाको विपरित दिशातर्फ कदापि छर्नु हुँदैन ।
- गर्मी ठाउँमा मध्य दिनमा कहिल्यै विषादी छर्नुहुँदैन ।
- विषादी छर्दै अगाडि बढ्नु हुँदैन, पछाडी सर्नुपर्छ ।
- विषादी छर्दा नोजल बन्द भएमा मुखले फुक्नु हुँदैन ।